# नयाँ शक्ति पार्टी, नेपाल

# १५ औ संघीय बैठक
(२०७५ कार्तिक १४-१५, काठमाडौंमा प्रस्तुत राजनीतिक प्रतिवेदन)

नयाँ शक्ति पार्टी, नेपाल

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं

# १. प्रारम्भ

**प्रिय मित्रहरु !**

सर्वप्रथम पार्टी महाधिवेशन आयोजक समितिको बैठकमा सबैलाई हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । यो संघीय बैठक हाम्रो पार्टी जीवनको १५ औं तथा लुम्बिनी चौथो संघीय परिषद बैठकपछिको दोस्रो बैठक हो । पार्टी स्थापना भेला (२०७३ जेष्ठ ३०, काठमाण्डौं ) पछि चौथो संघीय परिषद बैठक ( २०७४ फाल्गुन ९-१२, लुम्बिनी) हाम्रो पार्टी जीवनको अर्को महत्वपूर्ण मोड थियो । यतिखेर नयाँ शक्ति पार्टी, नेपाल लुम्बिनी बैठकको मुख्य मार्गदर्शन 'भिजन ५ स, मिसन ५ वर्ष' र लुम्बिनी संकल्प अनुरुप देशमा नयाँ वैकल्पिक तेस्रो धारको रुपमा प्रगतिशील-लोकतान्त्रिक राजनीतिक शक्ति निर्माण गर्ने उद्देश्यबाट अभिप्रेरित छ । यो बैठकलाई हामीले लुम्बिनी बैठककै मार्गदर्शनमा एउटा अर्को सार्थक मोड दिन सक्ने बैठकका रुपमा संचालन गर्न सक्नु पर्दछ । सबै सहभागी मित्रहरुबाट सोही बमोजिम सक्रिय, रचनात्मक र सार्थक सहभागिताको अपेक्षा गरिन्छ । बैठकको प्रारम्भमा नेपालको विभिन्न चरणका लोकतान्त्रिक र क्रान्तिकारी आन्दोलनका सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

यस बैठकका मुख्य ५ वटा एजेण्डाहरु हुनेछन: १. लुम्बिनी बैठकपश्चात्को पार्टी कामको रिपोर्टिङ्ग र समीक्षा गर्ने; २. वर्तमान राष्ट्रिय राजनीतिक परिस्थिति र नेकपा सरकारका क्रियाकलापबारे पार्टी धारणा तय गर्ने; ३. पार्टीको आगामी कार्ययोजना निर्माण गर्ने; ४. संगठनात्मक कार्यविभाजनमा आवश्यक परिमार्जन गर्ने र ५. समसामयिक महत्वका विविध विषयमा सार्वजनिक प्रस्ताव पारित गर्ने । प्रस्तावउपर खुलेर छलफल गर्न, बैठकको अन्त्यमा ठोस निष्कर्षमा पुग्न र दृढ मनोबलसहित आआफ्नो कार्यक्षेत्रमा फर्किएर निर्णय कार्यान्वयन म सबै साथीहरुमा हार्दिक अनुरोध गर्दछु ।

# २. वैचारिक-राजनीतिक प्रष्टता

पार्टी भनेको विचार-राजनीतिको संगठित अभिव्यक्ति र समकालीन समाजका अन्तरविरोधहरुको हल गर्ने र समग्र समाजको अग्रगामी रुपान्तरण गर्ने साधन हो । त्यसैले विचार र राजनीतिक कार्यदिशा पार्टीको प्राण हो । '५स'को रुपमा सूत्रवद्ध अवधारणा नयाँ शक्ति पार्टीको विचार, नीति, कार्यक्रमको संक्षेपीकृत प्रारुप हो । त्यसलाई निरन्तर विकसित र परिमार्जित गर्दै लैजानुपर्छ र पार्टीका सम्पूर्ण तहका अभियन्ताहरुले बुझाइ र अभिव्यक्तिमा सापेक्ष एकरुपता हासिल गर्नुपर्दछ । लुम्बिनी बैठकबाट पारित महत्वपूर्ण दस्तावेजको मुख्यत: 'पार्टी स्थापनाको दुई वर्ष: वैकल्पिक राजनीतिको अपरिहार्यता' खण्डमा पार्टीको वैचारिक-राजनीतिक आधारबारे थप प्रष्ट पारिएको छ । फेरि पनि कतिपय मुद्दाहरुमा हामीले अझै बहस, छलफल, अनुसन्धान गर्दै थप प्रष्टता हासिल गर्ने कोशिश गर्नुपर्दछ ।

## २.१. नयाँ वैचारिक-राजनीतिक ध्रुव निर्माणको प्रश्न

नयाँ युगको नयाँ कार्यभार सम्पन्न गर्न नयाँ विचार र राजनीतिमा आधारित नयाँ शक्तिको आवश्यकता पर्दछ भन्ने मान्यताका आधारमा हामीले नयाँ शक्ति पार्टी गठन गरेका हौं । अठारौं-उन्नाइसौं शताब्दीको पहिलो औद्योगिक क्रान्तिकालमा संश्लेषित बजार पुँजीवाद र उन्नाइसौं-बीसौं शताब्दीको दोस्रो औद्योगिक क्रान्तिकालमा संश्लेषित राज्य-समाजवादमा आधारित पार्टीहरुले एक्काइसौं शताब्दीको चौथो औद्योगिक क्रान्तिकालका कार्यभारहरु पूरा गर्न सक्दैनन् भनेर हामीले नयाँ वैकल्पिक वैचारिक-राजनीतिक ध्रुव निर्माण गर्ने आँट र साहस गरेका हौं । नेपालका 'काँग्रेस' र 'कम्युनिष्ट' ब्राण्डका पार्टीहरुले तिनै पुरानो

युगका विचार र राजनीतिको पक्षपोषण गर्ने भएकाले हामीले तिनीहरुसँग निर्णायक सम्बन्धविच्छेद गरेर ती भन्दा उन्नत, प्रगतिशील, क्रान्तिकारी, सुसंस्कृत पार्टी निर्माणको पहल गरेका हौं । दुई ध्रुवको रुपमा रहँदै आएका ती पतनशील शक्तिहरुको विकल्पमा अग्रगामी नयाँ/तेस्रो ध्रुव निर्माण गर्ने हाम्रो प्रमुख लक्ष्य हो ।

यति युगीन र दूरगामी महत्वको काम निकै कठीन हुन्छ नै । त्यसले केही समय पनि अवश्य लिन्छ । गरीब, पिछडिएको र शक्तिपूजक समाजमा सत्ताको चुम्बकले धेरै मानिसलाई तान्नु स्वाभाविक पनि हुन्छ । यस्तै बेलामा दूरदृष्टियुक्त, निस्वार्थ, प्रतिवद्ध, क्रियाशील नेतृत्व र अभियन्ताहरुको आवश्यकता हुन्छ । त्यस्तो प्रतिवद्ध र सक्रिय नेतृत्व/अभियन्ताहरुले कठीन घडीमा दृढतापूर्वक उभिएर मिशिनरी जोश र जाँगरकासाथ हजारौं दियोहरु बाल्ने नयाँ दियोको काम गर्नुपर्दछ । त्यसरी मात्र जैविक रुपले पार्टीका विभिन्न तहको नेतृत्व टीम बन्दछ । त्यो टीम नयाँ विचार र राजनीतिको चुम्बकीय केन्द्र बन्दछ । त्यो चुम्बकीय केन्द्रको परिपरि सो मिशनलाई आत्मसात गर्ने व्यक्ति, समूह, संस्था जोडिँदै गएर अन्ततः नयाँ वैचारिक-राजनीतिक ध्रुव बन्दछ । त्यसको वरिपरि आम जनसमुदाय गोलबन्द भएपछि रुपान्तरणकारी नयाँ वैकल्पिक शक्ति निर्माण हुन्छ ।

त्यसैले नयाँ/तेस्रो वैचारिक-राजनीतिक ध्रुवको निर्माण र त्यसको जगमा व्यापक जनआधारित वैकल्पिक पार्टीको निर्माण आजको हाम्रो सबभन्दा महत्वपूर्ण कार्यभार हो । यो मिशनलाई मन, वचन र कर्मले आत्मसात गर्ने नेतृत्व र अभियन्ताहरुको चुम्बकीय केन्द्र निर्माण गर्नु तत्कालको प्राथमिक संगठनात्मक कार्य हो । यो वा उ बहानामा पतनशील पुराना शक्तिहरुप्रति आशक्त हुने, उनीहरुका विष मिसिएका गुलिया प्रलोभनमा सम्मोहित हुने प्रवृत्तिलाई परास्त नगरी नयाँ वैकल्पिक शक्ति निर्माण हुन सक्दैन । जसरी जतिसुकै भोक लागे पनि हामीले विषाक्त खाना खाँदैनौं, जतिसुकै तिर्खा लागे पनि फोहर नालाको पानी पिउँदैनौं, त्यसरी नै जतिसुकै कठिनाइ भए पनि वा जतिसुकै प्रलोभन पाए पनि हामी पुराना शक्तिहरुसँग एकीकृत वा विलिन हुन सक्दैनौं । त्यो जनताप्रति र आफैसँग ठूलो धोका, अपराध र आत्महत्या गरेसरह हुन्छ । अवश्य पनि शक्ति आर्जनको क्रममा तत्कालीन कतिपय जनहित र राष्ट्रहितका मुद्दामा सहकार्य, तालमेल, मोर्चाबन्दी हुनसक्छ र गर्नु पनि पर्दछ । तर नयाँ/तेस्रो वैचारिक-राजनीतिक ध्रुव निर्माणमा नोक्सान पुग्ने गरी कुनै कार्य गर्नुहुन्न ।

अर्को ध्यान दिनुपर्ने कुरा के हो भने पुराना शक्तिहरुसँग तिखो वैचारिक संघर्ष नगरी, उनीहरुका जनविरोधी, राष्ट्रविरोधी गतिविधिहरुको भण्डाफोर र विरोध नगरी तथा देश र जनताको पक्षमा निरन्तर संघर्ष नगरी नयाँ वैकल्पिक शक्ति स्थापित हुन र निर्माण हुन सक्दैन । पुराना पतनशील शक्तिहरुलाई विस्थापित गरेर मात्र नयाँ शक्तिको उदय र विकास हुनसक्छ भन्ने प्राकृतिक र ऐतिहासिक नियमलाई हामीले कहिल्यै भुल्नु हुन्न ।

साथै नयाँ वैकल्पिक शक्ति निर्माण गर्ने क्रममा पुराना पतनशील शक्ति बाहेकका अन्य शक्ति, समूह र व्यक्तिहरुसँग सहकार्य, तालमेल, मोर्चाबन्दी गर्ने र वैचारिक-राजनीतिक रुपले निकट शक्तिहरुसँग एकता र ध्रुवीकरण गर्ने कुरालाई हामीले उचित ध्यान दिनैपर्छ । अति विशुद्धतावादी, संकीर्ण र ढोकाबन्दवादी सोंचले अन्ततः आफैलाई एक्लाउँछ र असान्दर्भिक बनाउँछ । रणनीतिमा दृढ र कार्यनीतिमा लचक भएर नै हामीले व्यापक जनसमुदायसँग झाँगिएको वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्न सक्नेछौं ।

## २.२. समावेशिता र समृद्धिको अन्तर्सम्बन्ध

विदितै छ, '५ स' को सिद्धान्तबारे पार्टी स्थापनाको दस्तावेज 'नयाँ शक्तिको आधारतत्व' मा नै प्रष्ट पारिएको थियो । तर, ५ स मध्ये कुन स पहिलो हो र हाम्रो जोड कहाँनेर बढी छ भन्ने भ्रमपूर्ण बहस चलिरह्यो । त्यसलाई प्रष्ट पार्न आवश्यक भएर नै लुम्बिनी बैठकले समुन्नत समाजवादलाई लक्ष्य, समतामूलक समृद्धिलाई मार्ग र बाँकी ३स - सार्वभौमिकता/स्वाधीनता, समानुपातिक-समावेशी सहभागितामूलक लोकतन्त्र र सुशासन/सदाचारलाई त्यसका आधारस्तम्भका रुपमा परिभाषित गरेको थियो ।

यसै बीच हाम्रो पार्टीले स्थापनाकालीन मूल नारा 'अबको निकास आर्थिक विकास, समृद्धि सम्भव छ हाम्रै पालामा' लाई परिमार्जन गरी 'अबको निकास समावेशी विकास, समृद्धि सम्भव छ हाम्रै पालमा' बनाएको छ । परन्तु पार्टीभित्र र बाहिर केही भ्रमपूर्ण तर्कवितर्क कायमै देखिन्छ - नयाँ शक्तिको मूल चरित्र वा धार के हो ? यो लोकतन्त्र, सुशासन र समृद्धिको सवालमा केन्द्रित रहेर बनेको पार्टी हो कि संघीयता, समावेशिता र पहिचानको सवालमा ? भन्ने प्रश्नहरु अझै पनि उठाइने गरेको छ । यो बहसलाई छिचोलेर, छिमोलेर अगाडि नबढुनजेल हाम्रो पार्टीको प्रष्ट छवी बन्न सक्दैन । त्यसले पार्टीको विकासलाई पनि प्रतिकूल असर पार्नेछ ।

यतिखेर हाम्रो पार्टीको स्थापनाकालीन नाराको भद्दा फोटोकपी गरेर कम्युनिष्ट नामधारी सत्तारुढ दल नेकपाले 'समृद्धि' शब्दकै दुरुपयोग गरिरहेको छ । कुन गम्भीरता र महत्वको साथ हामीले समृद्धिको राजनीतिक भाष्य निर्माण गरेका थियौं, त्यसको कुनै ज्ञान र आँकलन नभएका मानिसहरुबाट समृद्धि शब्दकै बदनाम गर्ने काम भएको छ । नयाँ शक्ति पार्टीले समृद्धिको कुरा गर्दा यो त 'ओली-प्रचण्डको गफ न हो ' भन्ने तहको भ्रम जनसाधारणमा सृजना हुनु निश्चिय नै दुःखद हो । हाम्रै पार्टी पंक्तिभित्र पनि 'समृद्धि त अब नेकपाले लगिसक्यो, हामीले समावेशिता र पहिचानलाई मात्रआधार बनाएर पार्टी बनाउनु पर्छ' भन्ने प्रकारका तर्क यदाकदा नसुनिएका हैनन् ।

यहाँनेर यो प्रष्ट गर्न आवश्यक छ कि हाम्रो पार्टीले समृद्धिको भाष्य कुनै राजनीतिक चालबाजी, कोरा नारा, कुनै एक चुनावमा मतदातामा भ्रम छर्न वा प्रियातावाद (पपुलिज्म)का लागि निर्माण गरेको थिएन र हैन पनि । हामीले भौगोलिक एकीकरण र लोकतान्त्रीकरणको युगपछि आधुनिक नेपाल समृद्धीकरणको युगमा आइपुगेको दीर्घकालीन समयचेत र युगबोधका आधारमा 'समृद्धि' शब्द प्रयोग गरेका थियौं । नवीनतम ज्ञान, सीप र प्रविधिको प्रयोग मार्फत उत्पादक शक्ति र श्रमको उत्पादकत्वको प्रचुर विकास विना उच्च लोकतन्त्र र समुन्नत समाजवाद सम्भव हुँदैन भन्ने सोंचका साथ समृद्धीकरणमा जोड दिएका हौं । नयाँ शक्ति पार्टीले 'समतामूलक समृद्धि' लाई पार्टी सिद्धान्तको एक महत्वपूर्ण सम्भाग सिद्धान्त र त्यसका चार आयामहरु तीव्रत्तर आर्थिक बृद्धि, समतामूलक वितरण, दिगो विकास र आत्मिक विकासको कोणबाट प्रष्टाएका थियौं । तसर्थ के प्रष्ट हुन जरुरी छ भने सत्ताधारी दलको हावादारी 'समृद्धि'को गफ र नयाँ शक्तिको समृद्धिको भाष्य आकास जमीनको फरक विषय हो ।

नयाँ शक्ति पार्टीले निरपेक्ष गरीबी र चरम वेरोजगारीको दुस्चक्रमा फसेको निर्वाहमुखी कृषि अर्थतन्त्रको वाहुल्य रहेको 'तेस्रो विश्व'को स्तरको नेपाललाई पहिलो देखि चौथो औद्योगिक क्रान्तिसम्मका सबै आयामहरुको समुचित प्रयोग गरेर सन् २०३० सम्म मध्यम आयस्तर हुँदै सन् २०४० सम्म 'प्रथम विश्व'को स्तरमा पुऱ्याउने गुणात्मक विकासको अर्थमा समृद्धिको कुरा गरेको छ । त्यसको निम्ति दुई दशकसम्म निरन्तर दुई अंकको वृद्धिदर हासिल गर्ने रणनीति अन्तरगत बजार र राज्यको यथोचित भूमिका

सुनिश्चित गर्ने र शुरुको चरणमा आर्थिक वृद्धिमा जोड र समावेशिता, वितरण र दिगोपनमा ध्यान दिने तथा पछिल्लो चरणमा समावेशिता, वितरण र दिगोपनमा जोड र वृद्धिमा ध्यान दिने नीति अवलम्बन गरिनेछ । यसको विपरीत सत्ताधारी नेकपाले कुनै स्पष्ट भिजन र कार्ययोजना विना पुरानै पञ्चायती र राजतन्त्रात्मक संसदवादी शासकहरुकै शैलीमा सर्प झैं घस्रने क्रमिक विकास र खुद्रा वितरणमुखी नीतिलाई 'समृद्धि' भनेर जनतालाई ठगिरहेको छ ।

केही दिन केही क्षण केही मान्छेमा भ्रम सृजना भएपनि कुनै नक्कली चिजले सक्कली बस्तुको उपदेयतालाई घटाउन सक्दैन । समृद्धिको अर्थ, मर्म र औचित्यको बोध नेकपाले गर्न सक्ने नै छैन किनकि त्यो पुरानो स्टालीनवादको धङधडीबाट मुक्त हुन सकेकै छैन । तसर्थ समृद्धि नेकपाले लग्यो भनेर हामीले निरास हुने वा समृद्धिको राजनीतिक सान्दर्भिकता नै समाप्त भएको ठान्नु हुँदैन । बरु नयाँ शक्ति पार्टीले भन्न खोजेको समृद्धि के हो ? त्यो नेकपाको नक्कली नारा भन्दा कसरी फरक छ ? भन्ने बहस र विमर्शलाई जनसमुदायबीच अझ तीव्र पार्नु पर्दछ ।

ठीक त्यसै गरी समृद्धि र समावेशितालाई एकअर्काका समानान्तर वा विरोधी चिजका रुपमा बुझ्नु पटक्कै हुँदैन । यी एकले अर्कालाई निषेध गर्ने विषय नभएर एकअर्काको नाभी जोडिएका अन्योन्याश्रित विषय हुन् । निश्चय नै दीर्घकालीन मानवीय विकासका दृष्टिकोणबाट समृद्धिकै महत्व बढी हुन्छ तर हाम्रो जस्तो वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक र जातपातजन्य बहुआयामिक विविधता भएको देशमा समावेशिताको महत्व अहिल्यै कम हुँदैन । समृद्धि र समावेशिताका मुद्दा दुबैलाई सँगसँगै लाने क्रममा कुनै बेला एउटामा जोड र अर्कोमा ध्यान दिने र अर्को बेला फेरि प्राथमिकता बदल्ने कुरा मात्र हो, कसैलाई छोड्ने होइन ।

नेपालमा समावेशिताको मुद्दा भरखरै अगाडि आएको छ । त्यो अझै अधुरो र अपूर्ण छ । यसलाई सार्थक निष्कर्षमा पुर्‍याउन केही दशक लाग्न सक्छ । नेपालमा समावेशिता विनाको समृद्धि सम्भव छैन । समावेशिता विनाको समृद्धि 'ओली-प्रचण्डको गफ' जस्तै बन्न पुग्नेछ भने समृद्धि विनाको समावेशिताले जातीय/क्षेत्रीय संकीर्णतामा पतन गराउने छ । नयाँ शक्ति पार्टी नेकपाजस्तो एकांकी र एकमनावादी वा राजपा/फोरमजस्तो क्षेत्रीय दल हैन । हाम्रो पार्टीले समृद्धि र समावेशिताको अन्योन्याश्रित अन्तर्सम्बन्धलाई अझ बलियो गरी आत्मसात गर्न र आफ्नो वैचारिक-राजनीतिक श्रेष्ठतालाई स्थापित गर्न एकदमै जरुरी छ ।

## ३. समसामयिक राजनीति र नेकपाको सरकारको समीक्षा

वर्तमान नेकपा सरकारले ७ महिना अबधि पूरा गरेको छ । नयाँ संविधान जारी भएपछिको यो पहिलो निर्वाचित सरकार हो । करिब ७ दशक लामो कम्युनिष्ट आन्दोलनको इतिहासमा पहिलोपटक कम्युनिष्ट पार्टीले बहुमत प्राप्त गरेको हो । संघीय समाजवादी फोरमसमेतको सहभागितामा सरकारले दुईतिहाई बहुमतको हैसियत प्राप्त गरेको छ । तसर्थ यो सरकार विल्कुलै राजनीतिक सहजताको अवस्थामा छ । यदि सरकारसंग केही गर्ने दुरदृष्टि, सोच र इच्छाशक्ति हुने हो भने यो सरकारलाई ऐतिहासिक महत्वका जनमुखी काम गर्नबाट कसैले रोक्न/छेक्न सक्ने ठाउँ थिएन/छैन ।

प्रारम्भमा यो सरकारप्रति जनताको केही आशा/अपेक्षा थियो । आफूलाई कम्युनिष्ट, सर्वहारावादी, जनवादी,गरिबमुखी, समाजवादी, साम्यवादी आदिइत्यादि भन्न रुचाउनेहरुको पहिलो बहुमतको सरकार बन्दा साँच्चै केही हुन्छ कि भन्ने आशा सर्वसाधारणमा जाग्रित हुनु अस्वभाविक थिएन । हाम्रो पार्टीलाई राम्रोसंग थाहा थियो कि यिनीहरु भित्रैभित्रै कुहिएको फर्सी बाहिरबाट सगल्तो देखिएका मात्र हुन् ।

यिनीहरुले जनसमुदायमा भ्रम छर्न र भोट प्राप्त गर्न सके पनि देशको दीर्घकालीन हित र भविष्यका लागि कुनै सार्थक योगदान गर्न सक्ने छैनन् । हाम्रो पार्टीको आकलन निरन्तर सही सावित हुँदैछ । जनसमुदायमा नेकपाप्रतिको भ्रम निरन्तर टुट्दै गइरहेको छ ।

नेकपा सरकार जनअपेक्षा अनुरुप कार्य गर्न असफल भएको मात्र हैन, उल्टो आफै अकर्मण्यता, भ्रष्टता र यथास्थितिवादको दलदलमा फस्दै गएको छ । दुईतिहाईको दंभमा भएका अबान्छित प्रयत्नहरु बारम्बार असफल भएपछि सरकार आफ्नै नेता/कार्यकर्ताबाट आलोचित हुन थालेको छ । नेकपाभित्रको गुटबन्दी र स्वार्थसमूहहरुको टक्कर झनझन नाङ्गो हुँदैछ । उनीहरु सत्तास्वार्थका लागि जेपनि गर्न सक्ने राजनीतिक दलालको रुपमा प्रस्तुत हुन थालेका छन् । लोकतन्त्रका सामान्य मूल्यमान्यता र मर्यादालाई समेत ख्याल नगरीकन नेकपा सरकार पतनको बाटो उदत्त भएको छ ।

शुरुवातमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको नेकपा सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई कुन्ठित गर्ने र निषेधआज्ञा जारी गरी विरोधी विचारलाई सीमित गर्ने प्रयास गर्‍यो । असफल भयो । त्यसपछि ३३ किलो सुनतस्करीको छानविन भइरहेको हल्ला चलायो । खोज्दै जाँदा ठूला माछा फेला पर्ने, लहरो तान्दा पहरो जाने देखेपछि सबै सामसुम गरायो । सार्वजनिक यातायातमा सेन्डिकेट हटाउन हल्ला पिटायो । आफै पछि हट्यो । काम नगर्ने ठेकदारहरुलाई कार्वाही गर्ने प्रोपागण्डा गर्‍यो । अधिकांश त्यस्ता ठेकदारहरु आफ्नै पार्टी, नेता र सरकार निकट पाइएपछि तैचुप मैचुप भयो । कञ्चनपुरको निर्मला पन्त बलात्कार/हत्या प्रकरणमा दोषी पत्ता लगाउन दंड दिन सकेन । राज्यले उल्टै बलात्कारीहरुलाई जोगाउने प्रयास गर्‍यो । ओली सरकारको शासनकालमा १५०० भन्दा बढी हत्या, बलात्कार, एसिड आक्रमण र महिला हिंसाका घटना भएका छन् । सरकार कानमा तेल हालेर सुतेको छ ।

नेकपा सरकार निरन्तर कमिसन र भ्रष्टाचारको चंगुलमा फस्दै गइरहेको छ । सम्पति शुद्धिकरण विभागलाई प्रधानमन्त्रीको कार्यालय मताहत गरे यता विभागले एउटा पनि कालो धनको घटना छानविन गरेको छैन । एनसेल कर छली प्रकरणलाई डिसमिस गरिएको छ । ग्लोबल टेन्डरको कुनै प्रक्रिया नगरिकन बुढी गण्डकीजस्तो देश आफैले बनाउनु पर्ने राष्ट्रिय गौरवको योजना ठाडो निर्णयबाट बदनाम चिनियाँ कम्पनी गेजुवालाई जिम्मा लगाइएको छ । नेपाल वायुसेवा नियम र नेपाल टेलेकममा सरकारले विवादस्पद नियुक्तिहरु गरेको छ । त्यसपछाडि कमिसनको खेल भएको कुरा प्रष्ट छ । वाइडबडी जाहज खरिद प्रकरणमा कमिसनको ठूलो रकम चलखेल भएको चर्चा छ । नेपाली सेनाले निर्माण गरेका कतिपय आयोजनमा सैनिक नेतृत्व र राजनीतिक नेतृत्वबीच भेरिएसन रकम अनावश्यक बढाई मिलीभगत गरेको भरपर्दो सूचना प्राप्त भएको छ ।

ओली सरकार देशको हितमा कुटनीतिक सन्तुलन कायम गर्न असफल भएको छ । विमस्टेकलाई सार्कको सामानान्तर प्रतीत हुने गरी प्रस्तुत गर्न खोजियो, त्यो घातक कुरा थियो । भारतीय सेनाको नेतृत्वमा विमस्टेक देशहरुले संयुक्त सैनिक अभ्यास गर्ने र त्यसमा नेपाली सेनालाई समेत सामेल गराउने अनौपचारिक सहमतिको पोल खुलेपछि सरकार त्यसबाट फिर्ता हुन बाध्य भयो । नेपाल-भारत प्रधानमन्त्रीस्तरीय सहमति भएको भनिएको थप हवाई रुट कार्यान्वयन गराउन सरकार असफल भएको छ । प्रवुद्ध समूहको प्रतिवेदन त्यत्तिकै हावामा झुण्डिएर रहेको छ ।

अर्कोतिर चीनसंग भएको भनिएका कुनै पनि सम्झौताहरु कार्यान्वयनमा ल्याउन सक्ने गरी गृहकार्य गरिएको छैन । भुकम्पपछि बन्द तातोपानी भन्सार खुल्ल सकेको छैन । केरुङ्ग बाहेक चीन तर्फको कुनै नाका भरपर्दो गरी संचालन भएको छैन । यसले भारतमाथि नेपालको निर्भरता घटाउने कुरा गफमा मात्र

सीमित भएको छ । व्यापार घाटा निरन्तर बढ्दो छ । यहाँसम्म कि भारतमा भएको नोटबन्दीको कारण विमुद्रीकरण भएको नेपाल राज्य र नेपाली जनतासंग रहेको भारु सटहीसम्म नेपाल सरकारले गर्न सकेको छैन । चाडपर्वको मुखमा चिनी आयात र आपूर्ति गर्दा समेत ठूलो कमिसनको चलखेल भएको छ ।

आफूलाई कम्युनिष्ट दावी गर्ने सरकारले शिक्षा र स्वास्थ्यको निजीकरण, व्यपारीकरणलाई झनै प्रोत्साहित गर्दैछ । देशको सार्वजनिक शिक्षा र स्वास्थ्य नीतिमा कुनै सार्थक परिवर्तन गरिएको छैन । बरु झन्झन् बर्वाद हुँदै गैरहेछ । सार्वजनिक शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी घटाइएको छ । गरीब, निमुखा, भूमिहीन र सुकुम्बासीको सवालसंग सरकार पूरै बेखबर छ । सरकार भूमिसुधार वा भूमिव्यवस्थापनको कुरा गर्न समेत डराइ रहेको छ। यहाँसम्म कि चुनाव अगाडि आफैले दिन्छु भनेर कवोल गरेको बृद्धभत्ताको रकम समेत नबढाएर ओली सरकारले ज्येष्ठ नागरिकलाई समेत ढाँट्ने काम गरेको छ । वेरोजगार युवाहरु वाध्यतावश विदेशिनु पर्ने र उनीहरुको शव दिनहुँ देश भित्रिने प्रक्रिया ज्यूँ का त्यूँ छ ।

गत आर्थिक बर्षको अन्त्यतिर असारे विकासका लज्जास्पद परिदृष्यहरु जताततै देखिएका थिए । चालु आर्थिक बर्षको ३ महिनामा भने सरकारले ५.५१% मात्र पुँजीगत खर्च गर्न सकेको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार ३ महिनामा १७ अर्ब २८ करोड ९७ लाख मात्र खर्च भएको छ । गत आर्थिक वर्षको अन्त्यमा अर्थात् असार महिनाको अन्तिम हप्ता मात्र सरकारले ३ खर्ब १३ अर्ब ९९ करोड ८१ लाख खर्च गरेको हो । गत आर्थिक बर्षको अन्तिम एक हप्ताको खर्चभन्दा चालु आर्थिक बर्षको ३ महिनाको पुँजीगत खर्च डेड गुणाभन्दा बढीले कम हो । यसको अर्थ सरकार अहिले पनि अनियमिता, बेथिति, गुणस्तरहीनता र भ्रष्टाचारलाई प्रोत्साहित गर्ने गरी असारे विकास पर्खेर बसेको छ भन्ने प्रष्ट हुन्छ ।

फोरमलाई सरकारमा सामेल गराएर र राजपाको समेत समर्थनमा दुईतिहाईको दंभ देखाएको नेकपा सरकारले संविधान संशोधन गरी राजनीतिक समस्या हल गर्न कुनै पहलकदमी लिएको छैन । ७ मध्ये ६ बटा प्रदेशमा नेकपा सरकार छ । बाँकी १ प्रदेशमा पनि नेकपाकै सत्तासाझेदार दल सरकारमा छन् । तर प्रदेश सरकारले कुनै गति लिन सकेका छैनन् । चुनाव भएको एक वर्ष पुग्न लाग्दा पनि प्रदेशको नामाकरण र स्थायी राजधानीको समस्या समेत नेकपा सरकारहरुले हल गरेका छैनन् । प्रादेशिक भाषाहरु निर्धारण गर्ने र प्रदेशिक भाषाहरुका सरकारी कामकाज र शिक्षा दिने कार्यमा कुनै प्रगति भएको छैन ।

स्थानीय सरकारले जथाभावी कर थोपरिहेका छन् । जनतामाथि अनावश्यक कर थपेर महंगा गाडी किन्ने र त्यसको दोष संघीयतामाथि खन्याएर संघीयतालाई असफल बनाउने षडयन्त्रमा नेकपा र यसका निर्वाचित प्रतिनिधिहरु आफै सामेल भएको भान हुन्छ । संविधानमा समवर्ती सूचीमा भएका अधिकारको बाँडफाँट हुन सकेको छैन । संघीय सरकारले अहिलेसम्म प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गर्न कुनै तदारुकता देखाएको छैन । प्रदेश सरकारहरु केन्द्र सरकारको मुख ताकेर बसेका छन् । प्रधानमन्त्री र मुख्यमन्त्रीहरु बीच अनावश्यक जुहारी चलिरहेको छ । प्रधानमन्त्री अन्तर्प्रादेशिक परिषदको बैठकबाट डराएर भागिरहेका छन् ।

प्रधानमन्त्रीको स्वभाव नै फुर्के, गफाडी, अनुत्तरदायी र दंभी देखिएको छ । अनेक बिङ्गा र उखानटुक्का भनेर जनतालाई भ्रमित गर्न सक्नु नै राजनीतिक कौशल हो भन्ने मनोबैज्ञानिक भ्रमबाट उनी ग्रसित देखिन्छन् । घरघरमा ग्याँस पाइप पुऱ्याउने योजना उनी दुईचार घरको गोबरग्याँस उद्घाटन गरेर तुष्टिकरण गर्दैछन् । केरुङ्ग-काठमाण्डौं-लुम्बिनी रेलवेको बचन उनी फेसबुकमा जयनगर-जनकपुर रेलवेको फोटो पोष्ट गरेर भुलाउन खोज्दैछन् । पुषदेखि हनुमाननगरबाट चल्ने पानीजहाजको टिकट सायद

प्रधानमन्त्रीकै सपनामा बुकिङ्ग हुँदैछ । यी सबै घटनाक्रमले के पुष्टि गर्दछ भने नेकपा अधपतनको संघारमा अधमरो उभिएको छ । यो पार्टी र सरकारबाट नेपालको समृद्धीकरण र अग्रगामी रुपान्तरणको नेतृत्व हुने कुनै सम्भावना बाँकी छैन । भ्रष्ट र विकृत आसेपासे पुँजीवाद (क्रोनी क्यापिटालिज्म)को भित्री सारलाई 'कम्युनिष्ट' पार्टीको बाहिरी आवरणले छोपेर त्यो लामो समय टिक्ने कुरै हुँदैन ।

अर्कोतिर नेपाली कांग्रेसले प्रतिपक्षी धर्म निर्वाह गर्न पटक्कै सकेको छैन । नेकपा सरकारको असफलताबाट अर्को चुनावमा स्वतः सरकारमा फर्किने मुख मिठ्याएर बसेको छ । नयाँ शक्ति पार्टी नेपालले जनसुमादायमा यो कुरा तीव्र र आक्रमण संप्रेषण गर्न जरुरी छ कि अब कांग्रेसको बिकल्प कम्युनिष्ट, कम्युनिष्टको बिकल्प कांग्रेस हुनै सक्दैन । यी दुबै परम्परावादी दलहरु एउटै सिक्काको दुईटा पाटो मात्र हुन । इतिहास र पृष्ठभूमिको थोरै भिन्नता भए पनि यी पार्टीहरु बीच नीति, सिद्धान्त, विचार र कार्यशैलीको कुनै भिन्नता छैन । दुबैले देशमा मौलाउँदै गएको आसेपासे पुँजीवादलाई मलजल गर्ने र त्यसबाट निजी र दलगत लाभ लिने तथा देश र जनतालाई कंगाल पार्ने काम मात्र गरिरहेछन् । मधेसी दलहरुले पनि जनता र राष्ट्रका एजेण्डा छोडेर सत्तास्वार्थको दौडमा सामेल भएका छन् ।

दुई तिहाई बहुमत प्राप्त कम्युनिष्ट भनिने सरकारको लज्जास्पद असफलतातिर उन्मुखताले देश गम्भीर संकटतिर धकेलिँदै गएको प्रष्ट देखिन्छ । यो स्थितिमा अग्रगामी राजनीतिक विकल्प निर्माण हुन सकेन भने देश प्रतिक्रान्तिकारी दिशामा जाने या अशान्ति र अस्थीरताको भूँमरीमा फस्ने गम्भीर खतरा रहनेछ । त्यस्तो संकटलाई रोक्न प्रगतिशील-लोकतान्त्रिक विकल्पको निर्माण ऐतिहासिक आवश्यकता बन्दै गैरहेको छ ।

## ४. पार्टी कामको समीक्षा

यस बीचको पार्टी कामको समष्टिगत समीक्षा गर्दा प्रथमतः पार्टी क्रियाशील नै देखिन्छ । तर हाम्रो क्रियाशीलता अझै सानो आकार र दायराको छ । पार्टीले क्रियाशीलताको प्रभाव क्षेत्रलाई फराकिलो बनाउँदै लैजानु पर्दछ ।

दोस्रो, पार्टी केन्द्रमा अनावश्यक विवाद, अविश्वास, अवसरवादी चलखेल र पलायनको जुन क्रम देखिएको थियो, त्यसको अन्त्य हुँदै गइरहेको छ । पार्टीको नेतृत्ववृत्त र सम्पूर्ण पार्टीपंक्ति एकताबद्ध हुँदै गएको छ । नयाँ शक्ति पार्टी, निश्चय नै निश्चित राजनीतिक मिसनका लागि बनेको हो, यो अवसरवादी तत्वहरुको नेतृत्वको महत्वाकांक्षा पूरा गर्ने फोरम हैन भन्ने प्रमाणित हुँदै गइरहेको छ ।

तेस्रो, पार्टीको आन्तरिक व्यवस्थापन क्षमता अझै पनि सुदृढ हुन सकिरहेको छैन । विशेषतः आर्थिक तथा कार्यालयिक व्यवस्थापनको चुस्तदुरुस्तता अझै बढाउनु पर्ने देखिन्छ । संघीय, प्रदेश र स्थानीय तहका कार्यालयहरुलाई अझै व्यवस्थित र क्रियाशील बनाउनुपर्दछ ।

चौथो, केही प्रदेशका प्रादेशिक पार्टी संगठन र नेतृत्वमा अद्यापि टिम स्प्रिट निर्माण हुन नसकेको देखिन्छ । यो अवस्था किमार्थ राम्रो हैन । यो अबस्थालाई हामीले अबिलम्ब अन्त्य गर्नु पर्दछ । सुदृढ प्रादेशिक पार्टी कमिटी, प्रादेशिक नेतृत्वपंक्तिको विश्वासिलो एकता र सहकार्य विना पार्टीले अपेक्षित गति हासिल गर्न सक्दैन ।

पाँचौं, हामीले अझैपनि स्थानीयस्तरको जनकार्य र पार्टी काममा जोड दिन सकेका छैनौं । फलतः पार्टीले जमिनमा जरा गाड्न सकेको छैन । जिल्ला, प्रदेश र केन्द्रमा पार्टी हुने, गाउँ/नगर/वडा/टोल र जनसमुदायका बीचमा नहुने पार्टीले जनसमुदायको वास्तविक नेतृत्व गर्न सक्दैन, नत निर्वाचनमा विजय नै हासिल गर्न सक्छ । अबको कार्ययोजना बनाउँदा स्थानीय पार्टी काम र जनपरिचालनलाई केन्द्रमा राखेर अगाडि जानुपर्दछ । आगामी दिनमा सर्प झैं घस्रने हैन भ्यागुता झैं उफ्रने तरिकाले पार्टीलाई गुणात्मक ढंगले विकास र विस्तार गर्ने नीति अवलम्बन गर्नुपर्दछ ।

## ५. पार्टी महाधिवेशनबारे

लुम्बिनी बैठकबाट हामीले पार्टीको प्रथम महाधिवेशन २०७५ को फाल्गुनमा गर्ने योजना बनाएका थियौं । अहिलेसम्मको आन्तरिक तयारीलाई हेर्दा त्यो लक्ष्य हासिल नहुने देखिन्छ । पार्टी सदस्यहरुको अभिलेख अध्याबधिक हुनु पार्टी महाधिवेशनको आधारभूत शर्त हो । पार्टीको संगठनात्मक सिद्धान्त र विधानले प्रत्यक्ष लोकतन्त्रमा आधारित पार्टी महाधिवेशनको परिकल्पना गरेको छ । त्यसका लागि निर्वाचन आयोगको देशव्यापी संजाल र कार्यसम्पादन क्षमता उत्तिकै सुदृढ हुन आवश्यक हुन्छ । पार्टी महाधिवेशनको अभावमा आन्तरिक लोकतन्त्र कमजोर हुने र लोकतन्त्रलाई अझ विकसित गर्ने हाम्रो अभियान संकुचन हुने यथार्थप्रति पार्टी सतर्क र सचेत छ ।

देशको संविधान मुताविक पनि ४/४ वर्षमा पार्टी महाअधिवेशन हुनैपर्छ । तर यही वर्ष त्यो संबैधानिक शर्त हाम्रो पार्टीको हकमा आकर्षित हुँदैन । हाम्रो पार्टी स्थापना भएको ३ वर्षपनि पूरा भएको छैन । पार्टी अधिवेशनलाई स्थानीय तहदेखि नै संस्थागत गर्दै जाने, प्रत्यक्ष लोकतन्त्रको अनुभव समेत हासिल गर्ने दृष्टिकोणले महाधिवेशनको कार्यतालिका संशोधन गरिएको छ । २०७५ को चैत्र महिनाभित्र स्थानीय अधिवेशन, २०७६ को बैशाख, जेष्ठ र आषाढभित्र ८ वटै प्रादेशिक अधिवेशन र २०७६ को मंसिरदेखि फाल्गुनभित्र पर्ने गरी संघीय महाधिवेशनको उपयुक्त मिति निर्धारण गर्नु उचित हुनेछ ।

## ६. आगामी कार्ययोजना

२०७५ मंसिर १ देखि चैत्र मसान्तसम्मको कार्यअबधिका लागि आगामी कार्ययोजना निर्माण गरिएको छ । यो कार्ययोजना ' ५ महिना, ५ काम ५ उपलब्धी' को योजना हुनेछ । यस कार्ययोजनाभित्र वैचारिक काम, संगठनात्मक काम, जनपरिचालनको काम, राजनीतिक संवादको काम र व्यवस्थापनको काम गरिने छ ।

### ६.१. वैचारिक, साँस्कृतिक तथा प्रचारात्मक काम

- जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण आयोजना नगरेका जिल्लाहरुले मंसिर भित्र प्रशिक्षण आयोजना गर्ने ।
- 'जनताको प्रश्नः नयाँ शक्तिको उत्तर' सबै प्रशिक्षण कार्यक्रमका सहभागीसम्म पुऱ्याउने ।
- मंसिरभित्र समृद्धिको मोडेल, समावेशिता र संघीयताबारे उठेका थप प्रश्नहरुको उत्तर दिने गरी एक पुस्तिका तयार गर्ने ।
- ७ वटा प्रशिक्षणका विषयलाई जिल्ला र गाउँनगरस्तरमा ५ विषयमा खाप्ने । जिल्लाहरुको जनघनत्व र पार्टी कामको अवस्थाअनुरुप प्रतिसमूह ५/५ हुनेगरी १ देखि ३ वटासम्म प्रशिक्षक समूह तयार गर्ने ।

- पार्टी सदस्यको अन्तिम अभिलेख तयार भएसंगै वा स्थानीय अधिवेशनभन्दा अगाबै सामान्यतया माघ मसान्तभित्र सबै पार्टी सदस्यसम्म पुग्ने गरी एक दिने पार्टी प्रशिक्षण कार्यक्रम आयोजना गर्ने ।
- प्रचार विभागको संयोजनमा पार्टीको नयाँ वैचारिक-राजनीतिक धार र विकास/समृद्धिको मार्गचित्रबारे गहन लेख-रचना पार्टीका नेता/विज्ञहरुबाट तयार गरेर राष्ट्रिय मिडिया र सामाजिक सञ्जालहरुबाट निरन्तर प्रचार-प्रसार गर्ने ।
- नयाँ शक्तिले उन्नत र प्रगतिशील कला, साहित्य र संस्कृतिको पक्षपोषण गर्नुपर्दछ र वैकल्पिक संस्कृतिको प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्दछ । यसलाई मध्यनजर गर्दै संघ, प्रदेश र स्थानीय तहमा साँस्कृतिक विभाग गठन गरेर उन्नत कला, साहित्य र संस्कृतिको प्रवर्द्धनमा जोड दिइनेछ ।

### ६.२. संगठनात्मक काम

- पार्टी केन्द्र, प्रदेश र जिल्ला तहमा संगठन विभागलाई पूर्णता दिने ।
- पुष मसान्तभित्र पार्टी सदस्यताको नविकरण र नयाँ वितरण कार्य पूरा गरी अभिलेख प्रमाणीकरण गर्ने ।
- निस्क्रिय भएका, पार्टी सम्पर्कमा नरहेका, भ्रमवशं अरु पार्टीमा प्रवेश गरेपनि त्यहाँ सक्रिय भूमिका नगरिरहेका पार्टीका संस्थापक सदस्यहरुसंग भेटघाट गर्ने, पार्टीमा फर्किन अनुरोध गर्ने ।
- माघ मसान्तभित्र पार्टी विधान बमोजिम गाउँ तथा नगरपालिकाको निर्वाचन तथा अधिवेशन गर्ने ।
- माघ मसान्तभित्रै आंगिक/पेशागत/सम्पर्क संयन्त्र/ राष्ट्रिय मामिला संयन्त्रहरुले आआफ्नो स्थानीय सम्मेलन र कमिटी गठनको कार्य पूरा गर्ने ।
- माघ समान्त भित्रै प्रवास पार्टी प्रदेशले सम्पर्क कायम भएका र संभव देशहरुमा अन्तर्राष्ट्रिय नेपाली समाजको शाखा गठन गर्ने ।
- निर्वाचन आयोगलाई जिल्लास्तरसम्म विस्तार गर्ने । मंसिर मसान्तभित्र निर्वाचन आयुक्तहरुको राष्ट्रिय भेला आयोजना गरी पार्टी विधान, निर्वाचन नियमावली र पार्टी अधिवेशनमा निर्वाचन आयोगको भूमिकाबारे प्रष्ट पार्ने ।

यी कामहरुबाट पार्टी सदस्यहरुको अद्यावधिक अभिलेख तयार हुनेछ । पार्टीको वास्तविक संगठनात्मक क्षमता प्रष्ट हुनेछ । अन्तपार्टी लोकतन्त्रको सुदृढीकरण र अन्तर्पार्टी विवादको अन्त्य हुनेछ ।

### ६.३. जनपरिचालनको काम

- देश र जनताको पक्षमा निरन्तर सशक्त जनअभियान र आन्दोलन सञ्चालन नगरिकन सशक्त वैकल्पिक राजनीतिक शक्तिको निर्माण हुनै सक्दैन । त्यसैले पार्टीका सबै अंगहरुले विभिन्न तहमा आन्दोलन र अभियान निरन्तर सञ्चालन गर्नेछन् । विशेषतः संघ, प्रदेश र स्थानीय तहमा हुने भ्रष्टाचार, बुढीगण्डकी लगायतका ठूला परियोजनाहरुमा हुने कमिसनखोरी, मधेसको हुलाकी सडकको निर्माणमा अनियमितता र ढिलासुस्ती, संघीयता कार्यान्वयन र आवश्यक संविधान संशोधनका मुद्दा, शिक्षा र स्वास्थ्य क्षेत्रका विकृति विसंगतिहरुको अन्त्य, महिला, दलितहरुमाथिको

बलात्कार र हिंसा, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको आवश्यकता, युवा वेरोजगारको प्रश्न आदि विषयमा पार्टीले एकल वा संयुक्त रुपमा जनआन्दोलन र जनदवावको पहल गर्नेछ ।

- कार्तिक मसान्तभित्र राजनीतिक संवाद समितिको संयोजन र संसदीय मामिला विभाग तथा विज्ञ परिषदको सहयोगमा राष्ट्रिय जनपरिचालनको सवाल र त्यस सम्बन्धी सत्यतथ्यहरु संकलन गरी प्रतिवेदन तयार गर्ने ।
- संसदीय मामिला विभागले मंसीर १५ सम्म विज्ञ परिषद्को सहयोगमा हाम्रो पार्टीले विजय हासिल गरेका स्थानीय तहमा गर्न सकिने मोडेल विकास प्रारुप तयार गर्ने ।
- मंसीर मसान्तभित्र उत्पादन तथा स्वरोजगार विभागको संयोजन र विज्ञ परिषदको सहयोगमा पार्टीव्यापी रुपमा लागू गर्न सकिने ठोस उत्पादन तथा स्वरोजगार योजना तयार गर्ने ।
- कार्तिक मसान्तभित्र संसदीय मामिला विभाग र कानून विभागले समन्वय गरी विभिन्न प्रचलित कानून, प्रस्तावित विधेयकहरुको अध्ययन गरी जनस्तरका पैरवी गर्नु पर्ने मुख्य कानूनी विषयहरुको सूची तयार गर्ने ।
- मंसिर २० गतेदेखि पुष २० गतेसम्म पार्टी संयोजकको नेतृत्वमा पाँचथरको चियो भन्ज्याङ्गदेखि वैतडीको झुलाघाटसम्म १७६५ किमी मध्यपहाडी लोकमार्ग **जनजागरण यात्रा** गर्ने । यस सम्बन्धी भिन्नै कार्ययोजना तयार गरी जागरणयात्राले छुने जिल्ला कमिटीहरुलाई प्रेषित गरिनेछ ।
- फाल्गुन र चैत्र महिनामा पर्ने गरी हरेक जिल्लाले आआफ्नो विशिष्ठतामा जागरण पदयात्राहरु गर्नु पर्ने छ । स्थानीय कमिटीहरुले स्थानीय आन्दोलन र जनपरिचालनका सवालहरु पहिचान गरी ज्ञापनपत्र दिने, पर्चा वितरण गर्ने, पत्रकार सम्मेलन गर्ने, जनविरोधी क्रियाकलाप विरुद्ध भण्डाफोर अभियान चलाउने । जिल्लाका सबै मुख्य शहर, हाट, चोकबजारमा पुगी जनसभा तथा कोणसभाहरु आयोजना गर्ने ।

यी कामहरुबाट खासखास जनसरोकारका मुद्धा र पार्टीको छवी स्थापित हुनेछ । पार्टी अभियन्ताहरु उद्यमशीलतातिर अभिप्रेरित हुनेछन । पार्टीका क्रियाकलाप जनस्तरसम्म प्रस्फुटित हुनेछन ।

## ६.४. राजनीतिक संवादको काम

- कार्तिकभित्र गत निर्वाचनमा भाग लिएका तर प्रतिनिधित्व गर्न नसकेका सबै राजनीतिक दलहरु, उम्मेद्वार, निर्वाचनमा भाग नलिएका विरोधी दल र समूहको अवस्थाबारे जानकारी लिने र सम्पर्क सूत्रहरु संकलन गर्ने ।
- मंसिरभित्र राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरमा प्रभाव राख्ने स्वतन्त्र व्यक्ति, व्यक्तित्व तथा नागरिक समाज, सीमान्तकृत जनसमुदाय र सामाजिक आन्दोलन गरिरहेका समूहहरुको पहिचान र सम्पर्क स्रोतहरुको संकलन गर्ने ।
- ठूला वा मूलधार भनिएका दलहरुभित्रको अन्तर्विरोध विकासक्रमको गहिरो अध्ययन र जानकारी राख्ने, वैकल्पिक विचार र शक्तिको पक्षमा आउन सक्ने संभाव्यपक्षहरुसंग प्रत्यक्ष,परोक्ष सम्पर्क र अन्तर्सम्बाद निन्तर कायम राख्ने ।
- पार्टी एकतामा आउन सक्ने वा प्रवेश गर्न सक्ने समूह र व्यक्ति व्यक्तित्वसंग वार्ता गरी बाताबरण तयार गर्ने ।

- संभावना र आवश्यकता अनुरुप खुल्ला वा गोप्य अन्तपार्टी संवादहरु आयोजना गर्ने ।
- उपरोक्त कामका लागि प्रादेशिक तथा स्थानीय पार्टी कमिटीहरुले संघीय तहको राजनीतिक संवाद समितिलाई निरन्तर सहयोग गर्ने ।

उपरोक्त कामबाट पार्टी निर्माणको बहुआयामिक सम्भावना प्रकट हुनेछ । राजनीतिक ध्रुवीकरणको प्रक्रियालाई गति दिन सकिनेछ ।

### ६.५. व्यवस्थापनको काम

- कमिटीमा आबद्ध सदस्यका लागि निर्धारित पार्टी लेवी अनुशासनको विषय बनाइनेछ । ३ महिना सम्म नतिरे ताकेता गरिनेछ । कुनै कारण नखुलाईकन ६ महिनासम्म पार्टी लेबी नतिरेमा सो व्यक्तिले सम्बन्धित कमिटी परित्याग गरेको मानिनेछ ।
- संघीय आर्थिक विभागको तर्फबाट संघीय कार्यालय भवन निर्माण, नियमित खर्च र अन्य लगानी समेतको आँकलन गरी आवश्यक कोष निर्माण गर्न कार्तिक मसान्तभित्र प्रस्ताव तयार गरिनेछ र त्यसलाई अभियानात्मक ढंगले देश र विदेशमा कार्यान्वयन गर्न सम्पूर्ण पार्टी पंक्ति क्रियाशील हुनेछ ।
- फाल्गुन मसान्तभित्र संघीय, प्रादेशिक र जिल्लातह आर्थिक विभाग र लेखा आयोग गठन गरिने छ । आर्थिक विभाग र लेखा आयोग पदाधिकारीहरुको राष्ट्रिय भेला आयोजना गरी पार्टीको आर्थिक नियमावली, आर्थिक अनुशासन, कोष संचालन विधि, लेखा प्रणाली र लेखा विधिको प्रशिक्षण गरिनेछ ।
- फाल्गुन मसान्तसम्म पार्टीका सबै वैधानिक कमिटीहरुले आफूलाई पायक पर्ने बैंक र बैंक शाखाहरुमा आधिकारिक बैंक खाता खोल्नु पर्ने छ । प्रादेशिक कमिटीले न्यूनतम् ५ लाख, जिल्ला तथा महानगर कमिटीहरुले न्यूनतम् १ लाख, उपमहानगर कमिटीले न्यूनतम् ५० हज्जार, नगर कमिटीले न्यूनतम् २५ हज्जार र गाउँपालिका कमिटीहरुले न्यूनत्म १० हज्जारको प्रारम्भिक बैंक व्यालेन्स तयार गर्नु पर्ने छ । सबै वैधानिक पार्टी कमिटीले दोहोरो लेखा विधीमा प्रमाणिक आर्थिक अभिलेख राख्नु पर्नेछ ।
- पार्टी कार्यालय नभए मंसिर मसान्तभित्र प्रदेश र पुष समान्तभित्र जिल्ला कार्यालय खोल्नु पर्ने छ । पार्टी कार्यालयहरुको व्यवस्थापन गर्दा मितव्ययीता र छरितोपनलाई ध्यान दिनु पर्ने छ । प्रादेशिक राजधानी शहरमा सम्बन्धित प्रदेश, जिल्ला र नगरको संयुक्त कार्यालय राख्नु उपयुक्त हुनेछ । जिल्ला सदरमुकाम भएका शहरमा सम्बन्धित जिल्ला र संयुक्त कार्यालय राख्नु उपयुक्त हुनेछ । आर्थिक व्यवस्थापन गर्न गाह्रो पर्ने नगर तथा गाउँपालिका कमिटीले माघ मसान्तभित्र पार्टी समर्थकहरुकै घरमा सम्पर्क कार्यालयहरु स्थापना गर्नु उपयुक्त हुन्छ ।

उपरोक्त कार्यबाट स्रोत परिचालनको पारदर्शीता र प्रभावकारिता बढ्ने, आर्थिक व्यवस्थापनबाट पार्टीको राजनीतिक गतिशीलता बृद्धि हुने, कार्यालयिक व्यवस्थापन र आन्तरिक सुचना प्रणाली बलियो हुने अपेक्षा गरिएको छ ।

### ६.६. थप प्रष्टता

- यो योजना अबधिमा वैचारिक कामको संयोजन प्रशिक्षण विभागले, संगठनात्मक कामको संयोजन संगठन विभागले, राजनीतिक संवादको कामको संयोजन राजनीतिक संवाद समितिले, व्यवस्थापनको कामको संयोजन आर्थिक विभाग र पार्टी कार्यालयले र सम्पूर्ण कामको अनुगमन अनुगमन तथा मूल्यांकन विभागले गर्ने छ ।
- यो योजना अबधिमा महाधिवेशन आयोजक समिति र संघीय परिषदका सबै सदस्यहरु कम्तीमा ३ महिना जिल्लामा नै बस्ने गरी आआफ्नो गृहजिल्ला वा पायक पर्ने वा कामको प्रभावकारिता हुने जिल्लामा अभिप्रेरकका रुपमा परिचालित हुनु पर्ने छ । सम्पूर्ण योजना अबधिभरि जिल्ला कमिटीसंग निरन्तर सम्पर्क र समन्वयमा रही योजनालाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु पर्ने छ । यसको एउटा भिन्नै सूची बनाइ सर्कुलर गरिनेछ ।
- यस कार्ययोजनाको तहतमा २० दिनभित्र हरेक विभाग, आयोग, तहगत पार्टी कमिटी, आंगिक संगठन, राष्ट्रिय मामिला संगठन, सम्पर्क संयन्त्रहरुले आआफ्नो कार्ययोजना बनाउनु पर्नेछ । ५ महिनाको अन्त्यमा आफैले बनाएको कार्ययोजनाको ५०% पनि कार्यान्वयन नभएको पाइएमा नैतिक जिम्मेवारी लिनु पर्ने छ ।

## ७. सामान्य संगठनात्मक समायोजन

प्रस्तावित आगामी कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, पार्टी कामको बढ्दो आयतन, नेतृत्वका सबै तहमा सार्थक समावेशितालाई प्रतितबिम्बित गर्नु पर्ने आवश्यकता र पार्टी संगठनको नियमित कार्यविभाजनको दृष्टिकोणबाट महाधिवेशन आयोजक समितिको आन्तरिक संरचना र जिम्मेवारीमा निम्नअनुसार सामान्य परिवर्तन गर्न आवश्यक भएको छ ।

**६.१. पार्टी हेडक्वार्टरको विस्तारः** पार्टी हेडक्वार्टरलाई ११ सदस्यसम्म विस्तार गर्ने । महाधिवेशन आयोजक समिति र सचिवालयप्रति जवाफदेही हुने गरी पार्टी हेडक्वार्टरले दैनिक कार्यसम्पादनको कार्य गर्ने छ ।

**६.२. सचिवालयको पूर्णताः** केन्द्रीय कार्यसमितिको एकतिहाई हुने गरी अर्थात् ३३ सदस्यसम्मको पार्टी सचिवालय हुनेछ । सचिवालय महाधिवेशन आयोजक समितिप्रति जवाफदेही हुनेछ । प्रति ३ महिनामा न्यूनतम् एकपटक सचिवालय बैठक अनिवार्य बस्ने छ ।

**६.३. संगठन विभागः** पार्टी संगठनको कामलाई अझै व्यवस्थित र प्रभावकारी बनाउन संघीय हेडक्वार्टर सदस्यको नेतृत्वमा संगठन विभाग निर्माण गरिनेछ ।

**६.४. राजनीतिक संवादः** देशको बदलिदो राजनीतिक अवस्थामा बाह्यपक्षसँग निरन्तर सघन तथा बहुआयामिक अन्तर्संवाद गर्न पार्टी हेडक्वार्टर सदस्यको नेतृत्वमा एक राजनीतिक संवाद समिति गठन गरिनेछ ।

**६.५. विभाग गठनः** लुम्बिनी बैठकले निर्दिष्ट गरे बमोजिम सबै विभागहरु गठन हुनेछन । विभागीय प्रमुखले यो बैठक सम्पन्न भएको १५ दिनभित्र विभागलाई पूर्णता दिई कार्यान्वयनमा ल्याउनु पर्ने छ ।

**६.६. प्रादेशिक जिम्मेवारी:** केही प्रदेशहरुको संयोजक र इन्चार्जको जिम्मेवारी हेरफेर गर्न व्यवहारिक आवश्यकता देखिएको छ । नयाँ जिम्मेवारी अनुरुप यो बैठक सम्पन्न भएको २० दिनभित्र प्रादेशिक कमिटीलाई पूर्णता दिई कार्यप्रारम्भ गर्नुपर्ने छ। सोही बैठकमार्फत् प्रदेश कमिटीहरुले आगामी कार्ययोजना आआफ्नो प्रदेशको विशिष्ठतामा लागू गर्ने योजना बनाउनु पर्ने छ ।

**६.७. रिक्त पदपूर्ती:** विभिन्न कारणले रिक्त हुन आएका वा रिक्त रहेका कार्यकारिणी समिति, विज्ञ परिषद र संरक्षक परिषदलाई पूर्णता दिइन्छ । रिक्त हुन आएका संघीय परिषद सदस्यहरु प्रदेश कमिटीहरुको सिफारिसमा मनोनयन गर्न पार्टी हेडक्वार्टरलाई अधिकार प्रत्यायोजन गर्न समेत प्रस्ताव गरिन्छ।

**६.८. निर्वाचन आयोगको प्रभावकारिता:** २०७५ भित्र सबै स्थानीय अधिवेशन सम्पन्न गर्ने, २०७६ को वैशाख,जेष्ठ र आषाढभित्र सवै प्रादेशिक अधिवेशन सम्पन्न गर्ने र २०७६ भित्र संघीय सम्पन्न गर्नु पर्ने हुँदा निर्वाचन आयोगको भूमिका बढेर जाने छ । तसर्थ निर्वाचन आयोगले आफनो संजाल, गृहकार्य र क्षमता अबिलम्ब विकास गर्नुपर्ने छ। यसतर्फ निर्वाचन आयोगको ध्यानाकर्षण गरिन्छ।

**६.९. अनुशासन आयोग:** पार्टीभित्र सुदृढ अनुशासन कायम गर्न र विभिन्न तहका आन्तरिक पार्टी अनुशासनका मुद्दाहरुको निरुपण गर्न अनुशासन आयोगलाई क्रियाशील र प्रभावकारी बनाइनेछ।

## ८. उपसंहार

प्रिय मित्रहरु !

भ्रष्ट, विकृत, अनैतिक, सत्तामुखी, परम्परवादी र चल्तेचलाते राजनीतिक माहौलका बीच नयाँ शक्ति पार्टी, नेपालले बिल्कुल फरक बाटो रोजेको कुरा प्रष्टै छ। यो बाटो एक्काइशौं शताब्दीका लागि नयाँ वैचारिक तथा सैद्धान्तिक योगदान गर्ने बाटो हो। यो बाटो आर्थिक क्रान्तिमार्फत् नेपालको समृद्धिकरणको युगलाई नेतृत्व गर्ने बाटो हो । यो बाटो समावेशिता, समानुपातिकता र सहभागितामार्फत् लोकतन्त्रलाई अझ ठोस, जीवन्त र मूर्तरुपमा विकास गर्ने बाटो हो ।

यो बाटो इन्द्रेणी राष्ट्रवादको अवधारणाअनुरुप देशको सार्वभौकिता/स्वाधिनताको रक्षा र सुदृढीकरण गर्ने बाटो हो । यो बाटो शासकीय स्वरुपको परिवर्तन, प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसदमार्फत् जनउत्तरदायी, पारदर्शी र प्रभावकारी राजनीतिक प्रणाली स्थापित गर्ने बाटो हो। यो बाटो प्रादेशिक पुनर्सिमाञ्कनद्धारा संघीयता सम्बन्धि अधुरा कार्यभार र पहिचानको आकांक्षालाई परिपुर्ति गर्ने बाटो हो। यो बाटो सुशासन/सदाचारमार्फत् बहुआयामिक मानवीय विकास र खुशीलाई प्रत्याभूत गर्ने समुन्नत समाजवादी बाटो हो।

नयाँ शक्ति पार्टी नेपालले जुन बाटो रोजेको छ, त्यो बाटो ठीक छ भन्ने कुरा दिनप्रतिदिन पुष्टि हुँदै गएको छ । सत्ता राजनीतिको असफलता चौतर्फी रुपमा उजागर हुन थालेको छ । कांग्रेस- कम्युनिष्टजस्ता परम्परावादी पार्टीबाट जनसमुदाय निरास हुन थालेका छन । जनसमुदायमा राजनीतिक विकल्प खोजी

गर्ने मानसिकता अझ प्रवल हुँदै गएको छ। बैकल्पिक क्रान्तिकारी- लोकतान्त्रिक पार्टी निर्माणको वस्तुगत आधार बन्दै गइरहेको छ। यो अनुकुल वस्तुगत अवस्थामाथि नयाँ शक्ति पार्टी,नेपालले आक्रमक आत्मगत हस्ताक्षेप गर्नै पर्छ।

हामीले पार्टी स्थापना भेलादेखि नै भन्दै आएका थियौं, नेपालको भविष्य नयाँ शक्तिको भविष्यसंग जोडिएको छ। यदि '५ स' को विचारमा आधारित निर्णायक राजनीतिक शक्ति निर्माण गर्न ढिला हुने हो भने नेपालको अरु केही दशक समय यसरी नै खेर जानेछ। अझै नेपाल विश्व समुदाय सामु गरीब, कमजोर, भ्रष्ट र कुशासित देशका रुपमा चित्रित भइरहने छ। यो हामीलाई सैह्य छैन।

कुनै पनि देशको राष्ट्रिय जीवनमा इतिहासलाई नयाँ मोड दिने घटनाहरु सजिलै घटित भएका छैनन्। नयाँ शक्ति पार्टी,नेपालको प्रयास नेपालको राष्ट्रिय जीवनलाई एक नयाँ ऐतिहासिक मोड दिने अभियान हो। यो महान अभियानमा सामेल भएर योगदान गर्न पाउनु हामी सबैको आत्मगौरवको विषय हो। यो यथार्थलाई नयाँ शक्ति पार्टीका सम्पूर्ण अभियन्ताहरुले अझ गहिरो गरी आत्मसात गरौं। समावेशी, सुशासित, समृद्ध नेपाल अवश्य बन्छ।

धन्यवाद !

**२०७५/०७/१४ गते**

**काठमाडौं**